# बित्थडचिर गाउँपालिका
(Bitthadchir Rural Municipality)
# गाउँ कार्यपालिकाको कार्यालय
(OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE)

9848735434 प्र.प्र.अ.
18105000109 टोल फ्री नं.
Email: bitthadchirmun@gmail.com
Website: www.bitthadchirmun.gov.np

देउलेख, बझाङ
सुदूरपश्चिम प्रदेश,नेपाल


पत्र संख्या :- २०८२।०८३
चलानी नं :-

मिति-२०८२।०७।०५

## शुभकामना सन्देश

नेपालीहरुको महान पर्व तिहार, शुभ दिपावली,नेपाल संवत ११४६ तथा छठ पर्व २०८२ सालको पावन अवसरमा सम्पूर्ण गाउँपालिकावासी आमा वुवा, दाजुभाई तथा दिदीवहिनीहरुमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

बित्थडचिर गाउँपालिका बझाङ जिल्लाको प्रवेशद्वारका रुपमा अवस्थित चारैतिर सुन्दर डाडाकाडाले घेरिएको सांस्कृतिक, धार्मिक तथा आकर्षक पर्यावरणले भरिएको सुन्दर पालिका हो। अनेकतामा एकता र राष्ट्रिय स्वाभिमान हाम्रा साझा पहिचान हुन्।हाम्रा चाडपर्वहरुले समुदायबीच सद्भाव र एकतावद्ध गर्न सघाउछन्। हाम्रा मौलिक परम्परा र संस्कृतिको अनुसन्धान, संरक्षण र सम्बर्द्धन गर्दै भावी पुस्तालाई हस्तान्तरण गर्न सक्नु आजको अपरिहार्य आवस्यकता हो।

शुभ दिपावलीमा हर्ष र उल्लासपूर्वक मनाइने देउसी भैलो, नाचगान एवं छठ जस्ता सांस्कृतिक एवं मनोरञ्जनात्मक कार्यक्रमले मानव जीवनलाई रंगीन र उल्लासमय बनाउन प्रेरित गर्दछ। यी राष्ट्रिय पर्वहरुले सम्पूर्ण नेपालीमा नयाँ उत्साह, उमंग र हौसला प्रदान गरोस र सबै समुदायकाबीच एक आपसमा भाईचारा र घनिष्ठता अभिवृद्धि गर्नमा सहयोग पुऱ्याओस भन्ने शुभेच्छा सहित सबैको उत्तरोत्तर प्रगतिको कामना गर्दछु।

अमरसिंह महर
गाउँपालिका अध्यक्ष